नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाडौं

फोन { ४२००५०५, ४२००२११, ४२००३०६
फ्याक्स नं.: ४२००३२२

पत्र सङ्ख्या:- ०८०।०८२

चलानी नं.:- १६१०

मिति २०८२।३।२९

विषय:- कार्य सम्पादन मुल्याकन गर्ने सम्बन्धमा ।

श्री मुख्यमन्त्रि तथा मन्त्रिपरिषद्को कार्यालय, सबै ।
श्री प्रदेशस्तरीय आयोग, सचिवालय, निर्देशनालय, कार्यालय सबै ।
श्री जिल्ला समन्वय समितिको कार्यालयहरु, सबै ।
श्री स्थानीय तहहरु सबै ।

प्रस्तुत विषयमा आर्थिक वर्ष २०८१/०८२ को वार्षिक कार्यसम्पादन मुल्यांकनका सम्बन्धमा देहाय अनुसार गर्नु गराउनु हुन नेपाल सरकार (सचिवस्तर) को मिति २०८२।३।२९ को निर्णयानुसार जानकारीका लागि अनुरोध छ ।

(क) समायोजन ऐन, २०७५ बमोजिम प्रदेश तथा स्थानीय तहमा समायोजन हुनु भएका र समायोजन पश्चात प्रदेश तथा स्थानीय तहमा शुरु नियुक्ति पाउनु भएका कर्मचारीहरुले सम्बन्धित प्रदेश सरकारबाट जारी भएको कर्मचारी प्रशासन सम्बन्धी कानून बमोजिम मुल्यांकन हुने व्यवस्था गर्न हुन ।प्रदेश तथा स्थानीय तहमा समायोजन भइ संघमा बढुवाका लागि योग्यता पुरा भएका र संघमा बढुवा हुने इच्छा भएका कर्मचारीहरुले निजामती सेवा नियमावली, २०५० अनुसार मुल्यांकन हुने व्यवस्था गर्नु हुन ।

(ख) माथि खण्ड (क) को दायरा भित्र पर्ने कर्मचारी कार्यरत रहेको प्रदेश सरकारबाट कर्मचारी प्रशासन सम्बन्धी कानून जारी भइनसकेको अवस्थामा नेपाल सरकार (मन्त्रिपरिषद) को मिति २०७६।४।१६ को निर्णयबाट तोकिएका पदाधिकारीहरुबाट मुल्यांकन हुने व्यवस्था गर्न हुन । (उक्त निर्णय संलग्न छ)

(ग) संघमा समायोजन भइ कामकाजका लागि प्रदेश वा स्थानीय तहमा खटिनु भएका कर्मचारीहरुले निजामती सेवा नियमावली, २०५० अनुसार मुल्यांकन हुने व्यवस्था गर्नु हुन ।

पुनश्च :- कार्यसम्पादन मुल्यांकन पेश गर्नु पर्ने दायित्व भएका कर्मचारी तथा कार्यसम्पादन मुल्यांकन कार्यमा जिम्मेवार अधिकारीहरुले निजामती सेवा नियमावली, २०५० को नियम ७८ख.(८) तथा निजामती सेवा ऐन, २०४९ को दफा २४क.(६ख) लाइ समेत ध्यानमा राखि कामकारवाही गर्नु हुन स्मरण गराइएको छ ।

(हरि प्रसाद दाहाल)
शाखा अधिकृत

::::बोधार्थ ::::

श्री सूचना प्रविधि शाखा
संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार — प्रस्तुत पत्र वेबसाइटमा राखिदिनु हुन ।

CamScanner